## कार्यालय प्रमुखहरुसँगको बैठकको निर्णय (२०८२ फागुन ५ गते)

१. मिति २०८२/११/०७ गते प्रजातन्त्र दिवस भव्य र सभ्य रुपमा ३ दिवसीय कार्यक्रमका साथ जिल्ला भर उल्लासमय रुपमा मनाउन सम्पूर्ण राजनीतिक दल, सरकारी कार्यालय, संघ संस्था र आम नागरिकमा आह्वान गर्ने। गृह मन्त्रालयबाट च.नं. ४६४ मिति २०८२/१०/२५ गतेको पत्रसाथ लेखि आए बमोजिम जिल्ला स्तरीय रुपमा जिल्ला समन्वय प्रमुखज्यूको अध्यक्षतामा र स्थानीय स्तरमा पालिका स्तरीय रुपमा निर्वाचन आचार संहिता पालना हुने गरी मनाउने।

२. यहि फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा निर्वाचन सम्पन्न गर्न खटनपटन भएका राष्ट्रसेवक कर्मचारीहरुलाई अवसरका रुपमा लिई शान्तिपूर्ण रुपमा निष्पक्ष निर्वाचन सम्पन्न गर्न उच्च मनोवलका साथ जिम्मेवारी निर्वाह गर्ने।

३. यस जिल्ला भित्र आ.व.०८२/०८३ मा रिक्त भएका रा.प.अनं द्धितिय श्रेणी अप्राविधिक खरिदार पदको विज्ञापन फागुन महिनाको अन्तिम बुधवार विज्ञापन प्रकाशन हुने भएकोले मिति २०८२/११/२२ भित्र लोकसेवा आयोग बुटवल कार्यालयमा माग आकृती फारम भरि पठाउने।

४. जिल्लास्थित सम्पूर्ण कार्यालयहरुले शान्तपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्न सुरक्षाकर्मीको व्यापक परिचालन गर्नुपर्ने अवस्थामा सवारी साधनको आवश्यकतालाई ध्यानमा राखी सरकारी कार्यालयमा रहेका सवारी साधनहरु आवश्यकताका आधारमा परिचालन गर्न माग भएका वखत सिघ्र उपलव्ध गराउने।

५. राष्ट्रसेवक सम्पूर्ण कर्मचारीहरुले निर्वाचन आयोगबाट जारी आचारसंहिता पूर्ण रुपमा पालना गरी निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्न आ-आफ्नो ठाउँबाट योगदान पुऱ्याउने।

प्रमुख जिल्ला अधिकारी